# सिम्रौनगढ नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सिम्रौनगढ, बारा

मधेस प्रदेश

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशितमिति२०७९।०३।२९**

सुरक्षित आप्रवासन सामी नेपालसरकार र स्वीस सरकार बीचको द्विपक्षीय परियोजना,श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा तथा स्वीस सरकार विकास सहयोगको तर्फ बाट हेल्भेटास नेपालले प्राविधिक सहयोग बाट सिम्रौनगढ नगरपालिकामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत उपकेन्द्र सञ्चालन गर्न तथा वैदेशिक रोजगार सम्बन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरु बाट तल उल्लेखित पदका लागि दरखास्त आहान गरिएको छ ।

| क्र. सं. | पद | पद संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | १ महिलालाई प्राथमिकता | **सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिनाको तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>• कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको ।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्थाः**<br>नयाँ मनोसमाजिक परामर्शकर्ताकोलागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ । जुन निम्नानुसार छः<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्टवास्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थवा मनोविज्ञान वासमाजशास्त्रवासोसिएल वर्कमा स्नातक तहवाबि.एड.स्वास्थ्य शिक्षावापोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ । |
| २ | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण,प्रौढ शिक्षा वा वयस्क साक्षरता, सहकारि वा बैंक\वित्तीय संस्थामा २ बर्षको अनुभव भएको, वित्तीय साक्षरता तथा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| ३ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम् कक्षा १० कक्षा पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभवी । |

थप योग्यता:- क्र.सं. १,२र पदका लागि कम्प्युटर चलाउने ज्ञान भएको हुनु पर्ने

हरिओम प्रसाद जयसवाल
प्रमुख प्रशासकिय अधिकृत

**कार्य अवधिः** हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

उमेरको हदः१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**परिक्षाको किसिम** :१. लिखित र अन्तवार्ता तथा प्रयोगात्मक (क.सं. १र २ सम्मको पदका लागिमात्र)

२. क्र.स.३का लागी अन्तरवार्ता मात्र ।

**तलव तथा अन्य सुविधा:** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुकसिम्रौनगढनगरपालिकामा स्थायी बसोवास भएका नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित सिम्रौनगढ नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया:**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तर्रवार्ता तथा प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेश्री तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति** :२०७९।०४।११ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**
**सिम्रौनगढ नगरपालिका**

हरिशोभ प्रसाद जयसवाल
प्रमुख प्रशासकिय अधिकृत